कञ्चनजङ्घा टाइम्स ३
www.kanchanjanghatimes.com

# वित्तीय साक्षरता कार्यक्रम प्रभावकारी

लेखनाथ खतिवडा

फिदिम/२१ फागुन

मर्सिकोर नेपाल र युके एडको सहयोगमा नेपालका दुर्गम तथा ग्रामिण क्षेत्रका समुदायको गरिवी न्युनिकरणका लागि दीगो वित्तिय पहुँच विस्तारका लागि सञ्चालित वित्तिय सेवा तथा जिविकोपार्जनमा दिगो पहुँच परियोजनाको प्रगति समिक्षा तथा सल्लाहकार समितिको वैठक वुधवार फिदिममा सम्पन्न भएको छ । सल्लाहकार समितिका संयोजक एवं स्थानीय विकास अधिकारी तुलसीवहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न वैठकमा मर्सिकोर तथा सफल परियोजना अधिकृत नरेश आङ्वोले प्रगति विवरण प्रस्तुत गरेका थिए ।

संस्थाले प्रोमिस र सफल परियोजना अन्तर्गत जिल्ला वचत तथा ऋण सहकारी संस्था र जिल्ला सहकारी संघसंगको साझेदारीमा समुदायको दिगो वित्तिय पहुँच, सुहाउँदो जिविकोपार्जनका अवसरहरु लगायत स्थानीय सहकारी संघ संस्थाकों सुदृढिकरणको माद्यमवाट गरीवी न्युनिकरणमा टेवा पुर्‍याउने प्रयत्न गर्दै आएको छ । देशमा १३ जिललामा सञ्चालित कार्यक्रम पाँचथर जिल्लामा भने २२ ओटा गाविसमा संचालन गरी स्थानीय स्तरमा पहिलो र दोस्रो चरण गरी ८८ ओटा वित्तीय साक्षरताका कक्षाहरु गर्नुका साथै सहकारीका दिगो र संस्थागत व्यवस्थापनका साथै भौतिक व्यवस्थापनमा समस्यामा परेका सहकारीहरुलाई भौतिक सुविधाको व्यवस्थापन लगायतका कार्य गर्दै आएको वताइएको छ ।

सहकारीलाइ व्यवस्थित ढंगवाट सञ्चालन गर्नका लागी प्रारम्भिक तथा वार्षिक साधारण सभाको सहजीकरण, सहकारीको परिचयात्मक कार्यशाला, नयाँ र पुराना सहकारी संस्थालाइ दर्ता साथै प्राविधिक सहयोग, लेखा व्यवस्थापन र ४ खाता सहित अन्य सहायक खाताको प्रवन्ध, साथै सहकारीकर्मीहरुको क्षमता अभिवृद्धि जस्ता कृयाकलापमा पनि कार्यक्रमले सहयोग गर्दै आएको आङ्बोले वताए ।

कार्यक्रम अन्तर्गत संस्थाले स्थानीय स्तरमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नका लागी सहकारी संस्थाहरुको छनौट गरी २३ जना वित्तीय सहजकर्ताहरु समेत उत्पादन गरी परिचालन गरेको जनाएको छ । वित्तीय साक्षरता कार्यक्रम समूदायमा समेत प्रभावकारी भएको सहभागीहरुले वतांएका छन् । पहिलो र दोस्रो चरणमा सञ्चालीत वित्तीय साक्षरता कार्यक्रमबाट ३ हजार १५ जना प्रत्यक्ष रुपमा सहभागी भई स्थानीय सहकारीमा नियमित रुपमा वचत गर्नुका साथै आवश्यकताको आधारमा ऋण परिचालन गरी स्वरोजगार बन्ने प्रयास समेत गरेका छन् । कार्यक्रमले २२ ओटा वचत तथा ऋण सहकारी मार्फत वाह्य र आन्तरिक गरी ४ करोड ३६ लाख ४२ हजार ३ सय ५८ रुपैयाँ वरावरको आर्थिक कारोवार भएको जनाएको छ ।

समूहमा छरिएर रहेका साना तिना पूँजिलाइ एकिकृत गरी सहकारी मजवुत हुन मद्धत पुगेको छ भने गाउँकै सहकारी मार्फत वित्तीय सेवा सरल र सहज ढंगवाट प्रवाह भएकोले फजुल खर्च र समय समेतको वचत भएको सहकारी संस्थाका पदाधिकारीहरुको भनाई छ । सहकारीकर्मीहरुको क्षमता अभिवृद्धि हुनुका साथै समूदायमा वित्तीय साक्षरताको प्रभावका कारण नियमित वचत तथा ऋण असुली, आमदानी र खर्चको विवरण राख्ने चलनको सुरुवात साथै कर्जामा स्थानीय स्तरमै स्थानीय समुदायको पहुँच पुगेको उनीहंरुको भनाई छ । स्थानीय स्तरमा लघु, घरेलु तथा साना व्यवसायहरुको सुरुवात भएको लुम्फावुङ वचत तथा ऋण सहकारी संस्थाका सचिव भद्र घिमिरेले वताए ।



(पाँचथरको लुम्फावुङ गाविसमा सञ्चालित वित्तीय साक्षरता कक्षाको समापन सत्रका सहभागीहरु ।)

कार्यक्रममा सल्लाहकार समितिका संयोजक श्रेष्ठले वित्तीय साक्षरताले सहकारीलाई सक्षम वनाउने गरेकोले यसका माद्यमवाट समुदायको जिविकेपार्जनमा समेत सकारात्मक प्रभाव परेको वताए । उनले अन्य संघ संस्थाले समेत समुदायमा आय आर्जनका कृयाकलापहरुलाई जोडेर योजना सञ्चालन गर्नु पर्ने आवश्यकता औंल्याए ।

संस्थाले वित्तीय सेवा तथा जिविकोपार्जनमा दिगो पहुँच (सफल) परीयोजना अन्तर्गत सञ्चालन गरको वित्तीय साक्षरता मार्फत वचत ऋण, वचत योजना, वचत वृद्धि, समयमा ऋण नतिर्दा हुने असर, जोखिम व्यवस्थापन, सेवा प्रदायक निकायहरु लगायत वित्तीय व्यस्थापनका नियमहरु लगायत पारीवारिक रुपमा समेत आवश्यकिय विषयवतुहरुलाई समेटेर कक्षा सञ्चालन गरेको छ । समिक्षा कार्यक्रममा समुदायलाई प्रत्यक्ष रुपमा सकारात्मक प्रभाव पार्ने खालका कार्यक्रमहरुलाई जिल्लाका सवै गाविसका वडा स्तर सम्म विस्तार गरी समूदायलाई वित्तीय साक्षर वनाउनु पर्नेमा सहभागीहरुले जोड दिएका थिए ।